नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय जनकपुर

## सूचना सूचना सूचना

## निर्माण व्यवसाय गर्ने व्यक्तिलाई बक्यौता मूल्य अभिवृद्धि कर छुट सम्बन्धी विशेष व्यवस्थाः

आर्थिक विधेयक, २०८० को दफा ३६(१) अनुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएका **निर्माण व्यवसाय गर्ने** व्यक्तिले संवत् २०७९ साल चैत्र समान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण र कर नबुझाएको भए बुझाउन बाँकी कर विवरण, सो विवरण बमोजिमको कर र व्याजको पचास प्रतिशत रकम संवत् २०८० साल पुस मसान्तसम्ममा बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने जरिवाना, थप दस्तुर र बाँकी व्याज मिनाहा हुनेछ भन्ने व्यबस्था रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

आर्थिक विधेयक, २०८० को दफा ३६(२) अनुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएका **निर्माण व्यवसाय गर्ने** व्यक्ति ले संवत् २०७९ साल चैत्र मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण वुझाई कर दाखिला गर्न मात्र बाँकी रहेको भएमा बक्यौता कर र व्याजको पचास प्रतिशत रकम संवत् २०८० साल पुष मसान्त सम्ममा बुझाएमा मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिम लाग्ने थप दस्तुर र बाँकी व्याज मिनाहा हुनेछ भन्ने व्यबस्था रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

प्रमुख कर अधिकृत
आन्तरिक राजस्व कार्यालय जनकपुर